# लोक सेवा आयोग
# बागलुङ कार्यालय
## बागलुङ

फोन नं.:- ०६८-५२२६४७, ५२०१४७ Website: www.psc.gov.np Email: baglung@psc.gov.np


## संगठित संस्थाको अप्राविधिकतर्फका सहायक स्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरह पदको पूर्व योग्यता परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना !!!

### सूचना नं. ३२०/०८३-८४, मिति २०८३/०५/१५

लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी काठमाडौंको विज्ञापन नं. १०२/०८३-८४ संगठित संस्थाको अप्राविधिकतर्फका सहायक स्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरह पदको पूर्व योग्यता परीक्षामा **परीक्षा केन्द्र बागलुङ** राखी Online दरखास्त पेश गरेका र दरखास्त फाराम स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरूको लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार देहायको मिति, समय र स्थान **(परीक्षा भवन)** मा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**साथै, सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहित लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरू हुने मितिभन्दा १० दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।**

### परीक्षा कार्यक्रम

| विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|
| सामान्य ज्ञान, व्यवस्थापन, गणित र सेवा सम्बन्धी (General Awareness, Management, Mathematics & Service Related)) | वस्तुगत (Objective): वहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | २०८३/०६/०४ गते आईतबार दिनको २:०० बजे | ४५ मिनेट |

### परीक्षा भवन

| क्र.सं. | रोल नं. | | उम्मेदवारको संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | ५१०००१ | ५१०२०० | २०० | विद्यामन्दिर मा.वि, बागलुङ केन्द्र (क) |
| २ | ५१०२०१ देखि बाँकी सम्पूर्ण उम्मेदवारहरू | | | विद्यामन्दिर मा.वि, बागलुङ केन्द्र (ख) |

**द्रष्टव्यः**

१) आयोगको पूर्व सूचना बिना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन ।
२) **प्रवेश-पत्र** बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन । उम्मेदवारले प्रवेश-पत्रको साथै नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कल प्रमाणपत्र/परिचयपत्र लिई उपस्थित हुनु पर्नेछ ।
३) परीक्षा शुरू हुने समयभन्दा **१ (एक) घण्टा अगावै** परीक्षा केन्द्रमा उपस्थित भई सक्नु पर्नेछ ।
४) परीक्षा भवनमा **मोबाईल फोन, स्मार्ट वाच लगायत अन्य विद्युतीय सामाग्री निषेध** गरिएको छ । साथै, परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइनेछैन ।
५) परीक्षामा **कालो मसीको कलम/डट्पेन** मात्रै प्रयोग गर्नु पर्नेछ । साथै, उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाईने छैन ।
६) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्णरूपमा पालना गर्नु पर्नेछ ।
७) उम्मेदवारलाई तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।
८) उम्मेदवारलाई उत्तरपुस्तिका बुझाई सकेपछि मात्र परीक्षा भवनबाट बाहिर जान दिईनेछ ।

बागलुङ परीक्षा केन्द्र राखि दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरूको नामावली हेर्न यहाँ Click गर्नुहोस ।

| | | |
|---|---|---|
| .......................... | .......................... | .......................... |
| (प्रचण्ड घिमिरे) | (पिताम्बर विरकट्टा) | (सिताराम राई) |
| खरिदार | कम्प्युटर अपरेटर | शाखा अधिकृत |